जनकपुरधाम घोषणा-पत्र

२० कार्तिक, २०७५

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको समन्वयमा भूमि व्यवस्था तथा अभिलेख विभाग र नापी विभागले धनुषा जिल्लाको जनकपुरधाम उप-महानगरपालिका, जनकपुरधाममा मिति २०७५ कार्तिक १८ देखि २० गतेसम्म प्रदेश नं. २ स्तरिय वार्षिक समिक्षा गोष्ठी सन्चालन गरीयो जनकपुरधाम घोषणापत्र, २०७५ जारी गरी सम्पन्न गरियो। यस गोष्ठी प्रदेश न. २ का मुख्य मन्त्री, भूमि, कृषि तथा सहकारी राज्य मन्त्री, प्रदेश प्रमुख सचिवज्यू, भूमि, कृषि तथा सहकारी सचिवज्यू, स्थानीय सरकारका प्रमुखज्यूहरु, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिवज्यू, सह-सचिवज्यू, भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशकज्यू, नापी विभागका महानिर्देशकज्यू, प्रदेश नं. २ स्थित सम्पूर्ण नापी कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालय, मालपोत कार्यालयहरुका प्रमुखहरु, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागवाट प्रतिनिधित्व गरी सहभागी भएका कर्मचारीहरु समेतको समुपस्थितिमा उदघाटन भएको थियो। तिन दिवसीय उक्त गोष्ठी मार्फत भूमि प्रशासनका सम्बन्धमा तपशिल बमोजिमका प्रतिबद्धता अवलम्वन गर्ने घोषणा गर्दछौं।

१. भूमि प्रशासनमा हाल देखिएका समस्याहरु समाधान गर्न विद्यमान जनशक्तिको परिचालन गरी कर्माचारीहरुमा आचरणगत सुधारको प्रयास गर्दै सार्वजनिक सेवालाई वढि स्वच्छ तथा प्रविधि मैत्री वनाउने।
२. अनौपचारिक क्षेत्रमा रहेको जग्गालाई औपचारिक क्षेत्रमा ल्याउन सम्वन्धित क्षेत्रवाट आवश्यक तयारी गर्ने।
३. जग्गा प्रशासनको अभिलेख व्यवस्थापनलाई व्यवस्थित, वैज्ञानिक तथा व्यवहारिक वनाउन स्थानीय तथा प्रदेश सरकारको सहयोगमा जग्गा सुदृढीकरण कोष स्थापना तथा कार्यान्वयन गर्न पहल गर्ने।
४. जग्गा प्रशासन सम्वन्धि कार्यालयहरुमा रहेको पुराना जिर्ण तथा प्रयोगमा आउन नसक्ने उपकरण, औजार, फर्निचरको लिलामी समेतका प्रक्रिया अपनाई व्यवस्थापन गर्ने, गराउने।
५. जग्गा प्रशासन सम्वन्धी कार्यालयहरुमा देखिएका बेरुजु न्यूनीकरण गर्न आगामी दिनमा बेरुजु नआउने गरी कार्यहरु सन्चालन गर्ने।
६. जग्गा प्रशासनलाई प्रविधिमैत्री वनाई Online वाट सेवा प्रदान गर्ने।
७. सरकारी, सार्वजनिक तथा गुठी जग्गाहरुको संरक्षणमा जग्गा प्रशासनमा कार्यरत कार्यालय प्रमुख तथा कर्मचारीहरुले विशेष ध्यान दिने।

८. जिल्लास्थित मालपोत तथा नापी कार्यालयहरुले जग्गा प्रशासनको कार्य गर्दा समन्वय, सहयोग र सहकार्यमा ध्यान दिने।

९. जग्गा प्रशासन सम्बन्धी कार्यालयमा कानून क्षेत्रका कर्मचारीको आवश्यकता पर्ने हुँदा सोको व्यवस्थाको लागि अनुरोध गर्ने र कार्यरत राष्ट्रसेवकहरुको वृति विकासमा ध्यान दिने।

१०. कार्यबोझका आधारमा कर्मचारी व्यवस्थापन गर्ने।

११. जग्गा प्रशासन कार्यमा सहजकर्ताको रुपमा कार्य गर्ने व्यक्ति, संघ, संगठनहरुलाई समय सापेक्ष रुपमा सुधार गर्दै लैजान समन्वय सहजिकरणका साथ सहकार्य गर्ने।